नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# वैदेशिक रोजगार विभाग

प.सं. ०८१/०८२

चलानी नम्बरः-

ताहाचल, काठमाडौं

## प्रेस विज्ञप्ति

आज मिति २०८२ जेठ ६ गते तदनुसार इश्वी सम्बत् २०२५ मई २० का दिन वैदेशिक रोजगार विभागका महानिर्देशक श्री कमल प्रसाद भट्टराई र इजरायलका महामहिम राजदूत श्री Shmulik Arie Bass बीच सौहार्दपूर्ण वार्तालाप भयो। वार्तामा नेपालीहरुका लागि इजरायल आकर्षक रोजगारीको गन्तव्य स्थल रहेकोले थप रोजगारीका क्षेत्र पहिचान गर्दै सोलाई कानूनी रुपमा अघि बढाउनुका साथै, यस अघि छनौट प्रक्रिया पूरा भई प्रस्थानको प्रतिक्षामा रहेका केयर गिभरको प्रस्थानलाई शीघ्रता प्रदान गर्ने विषयमा सक्रियतापूर्वक अघि बढ्ने लगायतका द्विपक्षीय हितका विषयमा छलफल भयो।

हाल इजरायलमा नेपाली श्रमिकका लागि प्राप्त भई रहेको रोजगारीको अवसरका अतिरिक्त द्विपक्षीय आवश्यक्ताका आधारमा रोजगारीका थप क्षेत्रहरु पहिचान गरी रोजगारीका दायरा अभिवृद्धिका लागि आवश्यक समन्वय, सहकार्य र सञ्चार आदान प्रदान गरी बढी भन्दा बढी सुरक्षित, सीपयुक्त र उच्च आययुक्त रोजगारीलाई बढावा दिने गरी कार्य अघि बढाउने सम्बन्धमा समेत छलफल भयो।

भविष्यमा श्रम रोजगारका नवीन र सुरक्षाका दृष्टिकोणले समेत उचित मानिएका क्षेत्रमा नीतिगत व्यवस्था गरी रोजगारका अवसरहरु सृजना गर्दै इजरायलमा रोजगारी गर्न जान चाहने नेपाली नागरिकहरुको प्रस्थान प्रक्रियालाई थप सुव्यवस्थित र पारदर्शी बनाउने विषयमा समेत छलफल भएको थियो।

सो छलफल कार्यक्रममा विभागका उप-महानिर्देशक चन्द्र बहादुर शिवाकोटी र निर्देशक गिरीराज ज्ञवाली समेतको सहभागिता रहेको थियो।

मितिः २०८२ जेठ ६ गते मंगलबार

नेपाल संवतः ११४५ वछलागा सप्तमी

( चन्द्र बहादुर शिवाकोटी )

उप महानिर्देशक/प्रवक्ता

टेलिफोन नं: ०१-४७९२६१६, ४७९२६७१, ४७९२६४८, ४७९२७११०, ४७९२६५८ फ्याक्स नं: ०१-४७९२६०६